# नयाँ संविधानमा विभिन्न शीर्षकमा समेटिनुपर्ने दलितसम्बन्धी प्रावधानहरू

निवर्तमान दलित सभासद् समूहद्वारा
संविधानसभाका विषयगत समितिहरूले सम्बोधन गरेका र थप नयाँ संविधानमा
समेटिनुपर्ने दलित सम्बन्धी सवालहरूसरोकारवालाहरूको जानकारीकोलागि वितरण गरिएको छ ।

**संविधान सूचना केन्द्र**

नेपाल कानून समाज
**Nepal Law Soceity**

# भावी संविधानका विभिन्न भाग र शीर्षकहरूमा समेटिनुपर्ने दलित समुदायसँग सम्बन्धित प्रावधानहरू

१. **प्रस्तावनाः** ..नेपाललाई वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र जातीय भेदभाव तथा छुवाछुतमुक्त धर्म निरपेक्षमा आधारित राज्य घोषणा गर्दै सबै प्रकारका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता, सामाजिक न्याय र मानव मर्यादा सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाज र राज्यको निर्माण गर्ने संकल्प गर्दै...।

भाग....

## प्रारम्भिक

२. **राज्यः** नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समानुपातिक, समावेशी, जातीय भेदभाव तथा छुवाछुतमुक्त, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद उन्मुख लोक कल्याणकारी राज्य हो ।

३. **नागरिकताः** सबै नेपाली नागरिकलाई आफ्ना आमा वा बाबु वा वंश थर वा कैरन वा आफूले इच्छाए अनुसारको कुनै पनि थर वा पहिचानका आधारमा नागरिकता प्रदान गरिनेछ ।

भाग....

## मौलिक हक र कर्तव्य

४. **समानताको हकः** (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, वंश, पेशा, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा त्यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, वंश, पेशा, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा त्यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

तर राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र जातीय दृष्टिले पिछडिएका दलित, महिला, आदिवासी जनजाति, मधेसी, किसान, मजदुर, उत्पीडित क्षेत्र, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय वा विपन्न वर्ग, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय नागरिकको संरक्षण, सशक्तिकरण, विकास वा सकारात्मक उपायका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

५. **जातीय भेदभाव तथा छुवाछूट विरूद्धको हकः** (१) कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, जन्म, वंश, पेशा, धर्म वा समुदायका आधारमा कुनै पनि स्थानमा कुनै प्रकारको अत्याचार, वहिष्कार, अस्विकार, प्रतिबन्ध, निषेध, निष्कासन, नाकाबन्दी, असहिष्णुता, अवहेलना र छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्न वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) कुनै जात, जाति, उत्पत्तिका व्यक्ति वा समुदायलाई उच वा नीच दर्शाउने, जात, जाति वा छुवाछूत वा शारीरिक अवस्थाका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछुत तथा जातीय

उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा कुनै पनि व्यक्ति वा समुदायलाई निजको इच्छा विपरित काममा लगाउन वा नलगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद वा छुवाछूट गर्न पाइने छैन ।

(५) उपधारा (१), (२), (३) र (४) विपरितका कार्य मानवता विरूद्धका गम्भीर सामाजिक अपराधका रूपमा कानुनद्वारा दण्डनीय हुनेछन् र त्यस्ता कार्यबाट पीडित व्यक्तिलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

६. **दलित समुदाय सम्बन्धी हक:** (१) दलित समुदायलाई नीति निर्माण, निजामती सेवा, सुरक्षा अङ्ग, न्यायिक निकाय, शैक्षिक निकाय, औद्योगिक निकाय, वित्तीय संस्था तथा सरकारका पूर्ण वा आंशिक स्वामित्व भएका निगम, संस्थान, प्राधिकरण र प्रतिष्ठानहरू लगायतका राज्य संयन्त्रका सबै अङ्ग, निकाय र क्षेत्रहरूमा समानुपातिक आधारमा प्रतिनिधित्व र सहभागिताका साथै क्षतिपूर्ति स्वरूप थप दशप्रतिशत प्रतिनिधित्व र सहभागिताको हक हुनेछ ।

(२) सङ्घीय, प्रादेशिक र स्थानीय तहका सबै राजनैतिक संरचनामा जनसंख्याको आधारमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वका साथै क्षतिपूर्ति स्वरूप थप दशप्रतिशत प्रतिनिधित्वको हक हुनेछ ।

(३) राज्यले भूमिहीन दलितलाई एक पटकका लागि जिविकोपार्जन गर्न पुग्ने गरी आवश्यक कानूनद्वारा आवश्यक जमीन उपलब्ध गराउने र आवास विहीन दलितका लागि आधारभूत आवासीय भवन सहित बसोवासको व्यवस्था गर्नेछ ।

(४) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । त्यस्तो अवसर प्रदान गर्दा विपन्न दलितलाई प्राथमिकता दिइनेछ ।

(५) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासका लागि सीप र स्रोत प्राप्त गर्ने हक हुनेछ । दलित समुदायको परम्परागत मौलिक जातीय पेशामा उनीहरूको अग्राधिकार रहनेछ र अन्य समुदायले त्यस्तो पेशा गर्न चाहेमा दलित समुदायको सम्बन्धित जात तथा समूहलाई उचित रोयल्टी प्रदान गर्नु पर्नेछ ।

(६) दलित समुदायका विद्यार्थीलाई पूर्वबाल्य शिक्षादेखि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था गरिनेछ । सामान्य तथा प्राविधिक उच्च शिक्षामा दलित समुदायका विद्यार्थीहरूका लागि जनसंख्याको अनुपातमा समानुपातिकको अतिरिक्त थप दश प्रतिशत थप भर्ना कोटा सुनिश्चित हुने गरी छात्रवृत्ति सहित निःशुल्क शिक्षाको लागि विशेष व्यवस्था गरिनेछ ।

(७) दलित समुदायले यस धारा अन्तर्गत प्राप्त गर्ने अधिकारहरू समुदायभित्रको जातीय जनसंख्याको अनुपातमा पहाडे दलित, मधेसी दलित र दलित महिलाको समानुपातिक सहभागिता सुनिश्चित गरी आन्तरिक जातीय समानुपात र आर्थिक सामाजिक अवस्थाका आधारमा प्राथमिकीकरण गरी प्राप्त गर्नेछन् ।

७. **महिलाको हक:** यस संविधान बमोजिम महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी र पहाडे दलित महिलाको समेत जनसंख्याको समानुपातिक प्रतिनिधित्व गराइनेछ ।

८. **धार्मिक स्वतन्त्रता सम्बन्धी हक:** (१) प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने वा नगर्ने वा नास्तिक बन्ने वा कुनै धर्मबाट अलग रहने धार्मिक स्वतन्त्रताको हक हुनेछ ।

तर कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता प्रतिकूल हुने क्रियाकलाप गर्न गराउन वा कसैको जबरजस्ती धर्म परिवर्तन गराउन वा अर्काको धर्ममा खलल पर्ने कुनै काम वा व्यवहार गर्न गराउन पाउने छैन ।

(२) धर्म, धार्मिक प्रथा, परम्परा र संस्कारको नाममा हुने कुनै पनि प्रकारको हिंसा, भेदभाव, छुवाछूट, घृणा, अवहेलना र शोषण कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) धर्मनिरपेक्षताको उचित कार्यान्वयन विशेष कानुन बनाई गरिनेछ ।

९.	**शिक्षा तथा संस्कृति सम्बन्धी हक:** (१)..........

(२)	प्रत्येक समुदायलाई आफ्नो संस्कृतिको संरक्षण, संवर्द्धन र अवलम्बन गर्ने हक हुनेछ ।

तर संस्कृतिको आडमा निर्मित कुरीति, कुसंस्कार र कुप्रथाको प्रयोगमा रोक लगाउने गरी कानुन बनाउँन बाधापुऱ्याएको मानिने छैन ।

१०.	**गोपनीयताको हक:** कुनै पनि व्यक्तिको जीउ, आवास, लिखत, तथ्याङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

तर गोपनीयताको नाउँमा जातीय भेदभाव तथा छुवाछूतजन्य कार्यलाई प्रोत्साहन गर्न पाइने छैन ।

११.	**सामाजिक न्यायको हक:** सामाजिक रूपले पछाडि परेका दलित, महिला, मधेसी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदुर वर्ग तथा उत्पीडित क्षेत्रलाई आआफ्ना जनसंख्याको अनुपातका आधारमा समानुपातिक र समावेशी सिद्धान्त बमोजिम राज्यको सम्पूर्ण राजनीतिक संरचना, निकाय, क्षेत्र तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ साथै दलित समुदायका लागि समानुपातिकका अतिरिक्त क्षतिपूर्ति स्वरूप थप अवसर र स्थानहरू प्राप्त गर्ने हक हुनेछ ।

१२.	**प्राकृतिक स्रोत र साधनको उपयोग सम्बन्धी हक:** (१) प्राकृतिक स्रोत र साधनको उपयोगमा आदिवासी जनजाति र दलित लगायत प्राकृतिक स्रोत र साधनमा निर्भर स्थानीय समुदायलाई पहिलो प्राथमिकताको हक हुनेछ ।

(२)	सरकारले प्राकृतिक स्रोतको विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नेछ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी वा सेवा वा वस्तुको रूपमा परियोजनाबाट प्रभावित क्षेत्र, सरोकारवाला जात, जाति, समुदाय वा स्थानीयवासीलाई प्रचलित कानून बमोजिम प्राप्त गर्ने हक हुनेछ ।

१३.	**मौलिक कर्तव्य:** नेपाली परम्परागत ज्ञान, सीप, कला, व्यवसाय लगायत मानव उपयोगी सबै किसिमका श्रमको सम्मान गरी प्रोत्साहन र प्रवर्द्धनमा सहयोग पुऱ्याउनु र जातीय भेदभाव तथा छुवाछूट मुक्त समतामूलक समाज निर्माण गर्न समाज र राज्यलाई सहयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

**भाग....**

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

१४.	**राज्यको निर्देशक सिद्धान्त:** (१) सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, क्षेत्र, वर्ण, समुदाय र सम्प्रदायका बीच सामञ्जस्य कायम गरी न्याय र नैतिकतामा आधारित स्वस्थ, सामाजिक जीवनको विकास गर्नु र जातीय भेदभाव तथा छुवाछूत मुक्त राज्य प्रणालीको स्थापना गरी दलित समुदायको सर्वाङ्गीण विकासका लागि सकरात्मक उपाय लगायत विशेष व्यवस्था गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ ।

(२)	राज्यका सबै अङ्ग, निकाय, क्षेत्रहरू र सबै तहमा सबै जातजातिको जनसंख्याको आधारमा समानुपातिक समावेशी र क्षतिपूर्तिको सिद्धान्तको आधारमा समान पहुँच हुनेछ ।

(३)	सरकारले प्राकृतिक श्रोतसाधनको समन्यायिक बाँडफाँड गरिनेछ ।

१५.	**राज्यको नीति र दायित्व:** (१) शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि सकारात्मक उपायको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका दलित, महिला, आदिवासी जनजाति, मधेसी र मुस्लिम, अल्पसङख्यक लगायत सीमान्तकृत र उत्पीडित समुदाय तथा गरीबीको रेखामुनि रहेका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(२)	राज्यले दलित समुदायलाई सबै सार्वजनिक तथा निजी औद्योगिक प्रतिष्ठानहरू र गैर सरकारी क्षेत्रमा समानुपातिक ढङ्गले रोजगारी उपलब्ध गराउने नीति अवलम्बन गर्नेछ ।

(३)	दलित समुदायसँग भएको परम्परागत मौलिक जातीय सीप, कला, पेशा र व्यवसायलाई आधुनिकीकरण गर्दै त्यस्ता पेशा तथा व्यवसाय संचालनमा सम्बन्धित समुदायको अग्राधिकार कायम गरिनेछ र त्यस्ता पेशा व्यवसाय सञ्चालन गर्ने अन्य समुदायले कानुन बमोजिम सम्बन्धित समुदायलाई रोयल्टी प्रदान गर्नु पर्नेछ ।

(४) भूमिहीन सुकुम्वासी, कमैया, हलिया, हरवा, चरवा, कम्लहरी, दलित समुदाय लगायत आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई भूमिको स्वामित्व लगायत आर्थिक सामाजिक सुरक्षाको वैकल्पिक व्यवस्था गर्ने नीति लिनेछ ।

(५) दलित, महिला, मधेसी, आदिवासी जनजाति, पिछडा वर्ग, मुस्लिम, अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, उत्पीडित वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र, गरीब, किसान, मजदुर, युवा वर्गलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा मुलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा सहभागी गराउँदै दलित समुदायका लागि समानुपातिकका अतिरिक्त क्षतिपूर्ति स्वरूप थप समावेशीको व्यवस्था गर्दै बढीमा बीस वर्षभित्र राज्यलाई पूर्ण समानुपातिक सहभागितामूलक राज्य बनाउने नीति लिनेछ ।

भाग....

## कार्यपालिका

१६. **उपराष्ट्रपतिको निर्वाचनः** राष्ट्रपतिको उम्मेदवारले आफ्नो मनोनयन दर्ता गर्दाकै अवस्थामा दलित, महिला, आदिवासी जनजाति, मधशी । मुस्लिम समुदायबाट गएको एक जना व्यक्तिलाई उपराष्ट्रपतिका रूपमा अनिवार्य प्रस्तावित गर्नु पर्नेछ र राष्ट्रपतिको उमेदवारमध्ये जुन उमेदवार विजयी हुन्छ सोही उम्मेदवारले प्रस्तावित गरेको व्यक्तिहरूलाई उपराष्ट्रपति घोषित गरिनेछ ।

१७. **सङ्घीय मन्त्रिपरिषदको गठनः** प्रधानमन्त्रिले मन्त्रिपरिषद्को गठन गर्दा दलित, महिला, आदिवासी जनजाति, मधेशी र मुस्लिम समुदायबाट एक-एक जना गरी पाँचजना तथा अन्य उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको हकमा अलग-अलग संख्या निर्धारण गरी दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी, मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी गरिनेछ ।

१८. **प्रदेश प्रमुखको नियुक्तिः** राष्ट्रपतिले प्रदेश प्रमुखहरूको नियुक्ति गर्दा जम्मा प्रदेश प्रमुखहरूलाई दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएको समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी गरिनेछ ।

१९. **प्रादेशिक मन्त्रिपरिषद्को गठनः** मुख्यमन्त्रीले मन्त्रिपरिषद्को गठन गर्दा दलित, महिला, आदिवासी जनजाति, मधेशी र मुस्लिम समुदायबाट एक-एक जना गरी पाँचजना उपमुख्यमन्त्री तथा अन्य मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीहरूको हकमा अलग-अलग संख्या निर्धारण गरी दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी गरिनेछ ।

२०. **स्थानीय निकायका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्थाः** एकै राजनीतिक दल वा समूहले प्रमुख र उपप्रमुख दुवै पदका लागि उम्मेदवार उठाएमा कुनै एक पदमा अलग लिङ्ग, जातीयता वा क्षेत्रको व्यक्तिलाई उम्मेदवार बनाउनु पर्नेछ । त्यसरी उम्मेदवारी दिँदा र निर्वाचन गर्दा दलित, महिला, आदिवासी जनजाति र मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी गरिनेछ ।

२१. **स्थानीय सरकारको कार्यकारिणी अङ्गको गठनः** अध्यक्षले सम्बन्धित स्थानीय तहको व्यवस्थापिकीय अङ्गमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सिट संख्याको आधारमा त्यस्तो अङ्गका सदस्यहरू मध्येबाट समानुपातिक र समावेशी सिद्धान्त बमोजिम दलित, महिला, आदिवासी जनजाति र मुस्लिम लगायत पिछडिएका समुदायका सदस्यहरूको अनिवार्य र समानुपातिक रूपमा मनोनयन गरी कार्य विभाजन समेत गर्नेछ

२२. **सरकारी सेवाको गठन र सञ्चालनः** सङ्घीय र प्रादेशिक सरकारले प्रशासन सञ्चालन गर्न निजामती सेवा र आवश्यक अन्य सेवाहरू दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण भए बमोजिम हुनेछन् ।

भाग....

## व्यवस्थापिका

२३. **प्रतिनिधिसभाको गठनः** (१) प्रतिनिधिसभामा रहने कूल सदस्यसंख्यामा जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

(२) प्रतिनिधिसभाको सदस्यको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा दलित महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट समानुपातिक रूपमा उमेदवारी दिने व्यवस्था गरिनेछ ।

(३) प्रतिनिधिसभामा एकजना सभामुख र पाँचजना उपसभामुख रहनेछन् ।

(४) प्रतिनिधिसभाले सभामुखको निर्वाचन गर्दा दलित, महिला आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायलाई प्राथमिकता दिइनेछ ।

(५) प्रतिनिधिसभाले उपसभामुखको निर्वाचन गर्दा दलित, महिला, आदिवासी जनजाति, मधेशी र मुस्लिम समुदायबाट एक-एक जना गरी पाँचजना उपसभामुखको निर्वाचन गर्नेछ ।

(६) प्रतिनिधिसभाले प्रचलित कानुन बमोजिम समितिहरूको गठन गर्न सक्नेछ । त्यस्ता सम्पूर्ण समितिका अध्यक्ष पदलाई जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी वितरण गरिनेछ ।

२४. **राष्ट्रिय सभाको गठनः** (१) राष्ट्रियसभामा रहने कूल सदस्यसंख्यामा जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

(२) प्रतिनिधिसभामा प्रतिनिधित्व हुन नसकेका दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी, मुस्लिम तथा अल्पसंख्यक जात, जाति, समुदाय, भाषिक, धार्मिक, पिछडिएको क्षेत्र वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरूबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अनुसार एकल सङ्क्रमणीय मतको आधारमा प्रतिनिधिसभाद्वारा कानुनमा व्यवस्था भए बमोजिम बाँकी सदस्यहरू निर्वाचित हुनेछन् ।

(३) राष्ट्रियसभामा अध्यक्ष एकजना र उपाध्यक्ष पाँचजना रहनेछन् ।

(४) राष्ट्रियसभाले अध्यक्षको निर्वाचन गर्दा दलित, महिला आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायलाई प्राथमिकता दिइनेछ ।

(५) राष्ट्रियसभाले उपाध्यक्षको निर्वाचन गर्दा दलित, महिला, आदिवासी जनजाति, मधेशी र मुस्लिम समुदायबाट एक-एक जना गरी पाँचजना उपाध्यक्षको निर्वाचन गर्नेछ ।

(६) राष्ट्रियसभाले प्रचलित कानुन बमोजिम समितिहरूको गठन गर्न सक्नेछ । त्यस्ता सम्पूर्ण समितिका अध्यक्ष पदलाई जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी वितरण गरिनेछ ।

२५. **प्रदेशसभाको गठनः** (१) प्रदेशसभामा रहने कूल सदस्यसंख्यामा सम्बन्धित प्रदेशका दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

(२) प्रदेशसभाको सदस्यको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा दलित महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी मुस्लिम, पिछडिएका समुदाय, समेतबाट समानुपातिक रूपमा उम्मेदवारी दिने व्यवस्था गरिनेछ ।

(३) प्रदेशसभाले बैठक प्रारम्भ भएको पन्ध्र दिनभित्र आफ्ना सदस्य मध्येबाट एकजना सभामुख र एकजना उपसभामुखको निर्वाचन गर्नेछ । सम्पूर्ण प्रदेशका प्रदेश सभामुख र प्रदेश उपसभामुखहरूको जम्मा संख्यालाई जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराइवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट समानुपातिक प्रतिनिधित्व हुने गरी निर्वाचन गरिनेछ ।

(४) प्रदेश सभाले प्रचलित कानुन बमोजिम समितिहरूको गठन गर्न सक्नेछ । त्यस्ता सम्पूर्ण समितिका अध्यक्ष पदलाई जनसंख्याको आधारमा दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदाय समेतबाट अनिवार्य र समानुपातिक प्रतिनिधित्व हुने गरी वितरण गरिनेछ ।

भाग....

## न्यायपालिका

२६. **न्यायाधीशहरूको नियुक्तिः** सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत लगायतका अदालतहरूमा न्यायाधीशहरूको नियुक्तिमा दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

२७. **अदालतको गठनः** (१) नेपालमा संवैधानिक अदालत, सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरू रहने छन् ।

(२) सबै नागरिकको न्यायमा सहज पहुँच पुऱ्याउनको लागि इलाका वा नगर वा गाउँ स्तरीय अदालत गठन गर्न सकिनेछ ।

(३) उपधारा (१) र (२) बमोजिम अदालत गठन गर्दा पारिवारिक विवाद, महिलामाथिको हिंसासँग सम्बन्धित विवाद, बाल अधिकारसँग सम्बन्धित विवाद, जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी विवाद तथा आदिवासी, जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक समुदायको सांस्कृतिक, धार्मिक एवं परम्परागत कानून र प्रथाद्वारा उत्पन्न हुने विवादहरूलाई समाधान गर्न छुट्टै इजलास वा छुट्टै अदालत गठन गर्न सकिनेछ ।

२८. **सङ्घीय न्याय सेवा आयोगः**

सङ्घीय न्याय सेवा आयोगमा  दलित, महिला, आदिवासी, जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समेत अनिवार्य र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

२९. **प्रदेश न्यायसेवा आयोगः**

प्रदेश न्याय सेवा आयोग दलित, महिला, आदिवासी जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समेतको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

३०. **प्रदेश महाअभियोजन कर्ता र जिल्ला न्यायाधिवक्ताः**

प्रदेश महाअभियोजनकर्ताको र जिल्ला न्यायाधिवक्ता नियुक्ति गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा दलित, महिला, आदिवासी, जनजाति, मधेसी, तराईवासी र मुस्लिम लगायत पिछडिएका समुदायको समेतको अनिवार्य र समानुपातिक प्रतिनिधित्वका सुनिश्चितता गरिनेछ ।

भाग....

## राष्ट्रिय दलित अधिकार आयोग

३१. **राष्ट्रिय दलित अधिकार आयोगः** नेपालमा एक राष्ट्रिय दलित अधिकार आयोग (यसपछि यस भागमा “आयोग” भनिएको) हुनेछ जसमा एकजना अध्यक्ष र देहाय बमोजिमका अन्य चारजना सदस्यहरू रहनेछन् । आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति आन्तरिक जातीय समावेशीकरण समेत हुने गरी गरिनेछः-

(क) एकजना महिला सहित दुईजना मधेशी दलित,

(ख) एकजना महिला सहित दुईजना दलित

३२. **आयोगका अध्यक्ष र सदस्यको नियुक्ति, पदावधी र योग्यताः** (१) राष्ट्रपतिले  संवैधानिक परिषद्को सिफारिशमा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।

(२) आयोगका अध्यक्ष र सदस्यको पदावधी नियुक्तिको मितिले छ वर्षको हुनेछ । निज थप एक कार्यकालको लागि पुर्ननियुक्ति हुन सक्नेछ ।

तर

(क) त्यस्तो पदावधि पूरा हुन अगावै आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।

(ख) आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिनेछ ।

(३) आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष दलित हक हित वा दलित विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनु पर्नेछ ।

(४) देहायका अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :

(क) निजले राष्ट्रपति समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(ग) निजको मृत्यु भएमा ।

(५) आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) चालीस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा भएको ।

(६) आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू प्रचलित कानुन बमोजिम हुनेछन् । आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

तर चरम आर्थिक विश्रृङ्खलताको कारण सङ्कटकाल लागू भएको अवधिभर यो व्यवस्था लागू हुने छैन ।

(७) आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

(क) आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**३३. आयोगको काम, कर्तव्य र अधिकार :** (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालमा भएका दलित सम्बन्धी अध्ययन तथा अन्वेषण गरी त्यस सम्बन्धमा गर्नु पर्ने उपयुक्त विषय समेत पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) जातीय भेदभाव तथा छुवाछूटको अन्त्य गरी दलित उत्थान र विकासका निम्ति दलित हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) दलित उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसंग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए त्यसको पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने,

(घ) दलित अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले आयोगको परामर्श लिई पठाए वा नपठाएको अनुगमन गर्ने,

(ङ) दलितलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अङ्गहरूमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने,

(२) आयोगले देहायको विषयमा कुनै व्यक्तिबाट निवेदन प्राप्त गरेमा वा कुनै स्रोतबाट जानकारी प्राप्त गरेमा त्यस्तो विषयमा आवश्यक जाँचबुझ गर्न सक्नेछः-

(क) दलित समुदायका व्यक्तिलाई छुवाछूतको आधारमा अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको,

(ख) कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै दलित समुदाय पीडित भएको,

(ग) जातीय भेदभाव गरेको,

(घ) दलित समुदायसँग सम्बन्धित संवैधानिक, कानुनी एवं अन्य नीति तथा कार्यक्रमहरू कार्यान्वयन नभएको वा हिनामिना भएको सम्बन्धमा परेका उजुरीहरू ।

(३) उपधारा (२) मा उल्लिखित विषयमा जाँचबुझ गर्दा आयोगलाई देहाय बमोजिमको अधिकार हुने छ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने तथा बकपत्र गराउने,

(ग) कुनै व्यक्तिलाई कुनै लिखत वा कागजात वा प्रमाण पेश गर्न आदेश दिने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने वा अदालतबाट नक्कल पाउन अनुरोध गर्ने,

(ङ) आवश्यकता अनुरूप स्थलगत निरीक्षण गर्ने वा गराउने,

(च) सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने,

(छ) पूर्वसूचनाको आधारमा कुनै घटना घट्न नदिनका लागि आवश्यक निरोधात्मक उपाय अवलम्बन गर्ने,

(ज) दोषी ठहरिएको व्यक्तिलाई कानुनी कारबाहीका लागि पहल गर्ने र कारबाही भए/नभएको अनुगमन गर्ने ।

(४) उपधारा (३) बमोजिम जाँचबुझ गर्दा आयोगले कुनै व्यक्ति उपस्थित गराउन, लिखत पेश गर्ने वा प्रमाण बुझ्नका लागि मनासिब समय अवधि तोक्न सक्नेछ ।

(५) उपधारा (३) बमोजिम भएको जाँचबुझबाट कसैले उपदफा (२) बमोजिमको कार्य गरेको देखिएमा आयोगले आवश्यकता अनुसार मेलमिलाप गराउने वा सो सम्बन्धमा पीडितलाई उपयुक्त उपचार, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन वा पुनर्स्थापना गराउन सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने वा उपयुक्त अन्य कारबाही गर्न सम्बन्धित कार्यालय, निकाय वा संस्थालाई सिफारिस गर्ने र सो अनुरूप भए वा नभएको अनुगमन गर्नेछ ।

(६) उपधारा (५) बमोजिम आयोगबाट लेखी आएमा सम्बन्धित निकाय वा संस्थाले आवश्यक कारबाही गर्नु/गराउनुपर्ने छ ।

(७) उपधारा (२) र (३) बमोजिम आयोगले जाँचबुझ गर्ने सिलसिलामा माग गरेका कागजात वा प्रमाण सम्बन्धित निकाय, कार्यालय, संस्था वा व्यक्तिले आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) आयोगले गरेका सिफारिस कार्यान्वयन वा पालना गर्नु सम्बन्धित निकाय वा संस्थाको कर्तव्य हुने छ ।

(९) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको विषयमा आयोगले हस्तक्षेप गर्ने छैन ।

तर छिटोछरितो न्याय सम्पादनका लागि आयोगले सहयोगीको भूमिका खेल्नेछ ।

(१०) दलित सम्बन्धी कुनै पनि नीति, कानुन, नियम, र कार्यक्रम तर्जुमा गर्दा वा फेरबदल गर्दा राज्य र सम्बन्धित निकायले आयोगको अनिवार्य सहमति लिनु पर्नेछ ।

(११) यस संविधानको अधीनमा रही आयोगको अन्य काम कर्तव्य र अधिकार तथा कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

३४. **अधिकार प्रत्यायोजन** : आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा कर्मचारी वा सङ्घीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ ।

३५. **प्रादेशिक व्यवस्था** : प्रत्येक प्रदेशमा आयोगको कार्यालय रहन सक्नेछ ।

३६. **वार्षिक प्रतिवेदन** : (१) प्रत्येक वर्ष आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त वर्ष भरी नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण तथा दलितको हक अधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

भाग....

## विविध

३७. **नेपाली राजदुत र विशेष प्रतिनिधिको नियुक्तिः** यस संविधानबमोजिम नेपाली राजदुत र विशेष प्रतिनिधिको नियुक्ति गर्दा दलित, महिला, आदिवासी जनजाति, मधेशी, तराईवासी, मुस्लिम लगायत पिछडिएका समुदायको अनिवार्य र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

३८. **राष्ट्रिय सुरक्षा परिषद्:** राष्ट्रिय सुरक्षा परिषद्मा समानुपातिक र समावेशी सिद्धान्तको आधारमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चितता गरिनेछ ।

३९. **सैनिक सेवा आयोगको गठनः** सैनिक सेवा आयोगमा समानुपातिक र समावेशी सिद्धान्तको आधारमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

४०. **अन्य संवैधानिक आयोगमा दलित समुदायको प्रतिनिधित्वः** यस संविधानमा व्यवस्था गरिएका अन्य संवैधानिक आयोगको गठनमा समानुपातिक र समावेशी सिद्धान्तको आधारमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व गरिनेछ ।

# दलित समुदायका सवालहरूमा संविधानसभाका विषयगत समितिहरूबाट प्रस्तावित व्यवस्थाहरू

नयाँ संविधानमा दलित समुदायको लागि न्याय, समानता, आत्म सम्मान, पहिचान र समावेशीकरण लगायतका आधारभूत अधिकारको सुनिश्चितता हुनुपर्ने तथ्यलाई मनन गरी विघटित संविधानसभा र यसका समितिहरूले प्रस्ताव गरेका मूलभूत कुराहरूलाई एकीकृत गरी प्रस्तुत गरिएको छ ।

**संविधान सूचना केन्द्र**

नेपाल कानून समाज

**Nepal Law Soceity**

## १. दलित समुदाय

नेपालमा परम्परागत रूपमा कला, सीप र श्रमको धनी मानिसहरूको एउटा ठूलो समूह विगत हजारौं वर्षदेखि जातीय भेदभाव र छुवाछूतको व्यवहार भोग्दै आएको छ, जो विगत केही दशकदेखि दलितको रूपमा परिचित छ । यो समुदायलाई विगतमा विभिन्न नामले सम्बोधन गरिंदै आइएकोमा वि.सं. २०२४ सालदेखि समुदाय स्वयमले दलितको रूपमा आफूलाई स्वपहिचान दिएको छ । नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि यो पहिचानलाई बढी प्रयोगमा ल्याइएको पाइन्छ । वि.सं. २०५५ सालमा स्थानीय स्वायत्तशासन ऐन मार्फत कानुनी रूपमा र २०६३ सालमा अन्तरिम संविधान मार्फत संवैधानिक रूपमा यो पहिचानलाई राज्यले मान्यता प्रदान गरिसकेको छ । विघटित संविधानसभाका सबै विषयगत समितिका प्रतिवेदनहरूले पनि यो पहिचानलाई मान्यता प्रदान गर्दै सोही अनुरूप अधिकार व्यवस्थाको प्रस्ताव गरेका छन् ।

२०५८ सालको राष्ट्रिय जनगणनामा दलित समुदायको जनसंख्या १२.१३ प्रतिशत रहेको छ । दलित गैर सरकारी संस्था महासंघले प्रकाशन गरेको आँकडा अनुसार दलित समुदायको जनसंख्या वि.सं.२०६५ सम्मको तथ्याङ्कमा कूल जनसंख्याको झण्डै २० प्रतिशत रहेको देखाइएको छ । यति धेरै जनसंख्या हुनुमा जातीय भेदभाव र छुवाछुतको अन्यायमा परेको अवस्थाले भएको हो । कुनै जात विशेषमा जन्म भएको वा कुनै पेशा विशेष अपनाएको कारण भएको यस प्रकारको भेदभाव र कुसंस्कारको फलस्वरूप जनताको आत्मसम्मान, मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता जस्ता आधारभूत अधिकार हनन भएका छन् । नयाँ संविधानमा दलित समुदायको लागि समानता, आत्म सम्मान, समावेशीकरण र शासकीय नेतृत्वका लागि पर्याप्त आधारहरूको निर्माण गर्न र तिनका अधिकारहरूको सुनिश्चितता गर्नुपर्ने कुरालाई मनन् गरेर विघटित संविधान सभा र यसका समितिहरूले प्रस्ताव गरेका मूलभूत कुराहरूलाइ एकिकृत गरी यहाँ उल्लेख गरिएको छ ।

## २. संविधानसभा विषयगत समितिका अवधारणापत्रहरूमा समेटिएका दलित समुदायका सवालहरू

### २.१. संवैधानिक निकायको संरचना निर्धारण समिति

यस समितिले ११ वटा संवैधानिक निकाय प्रस्तावित गरेको छ । ती हुन्: अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लेखापरीक्षण आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोग, महिला आयोग, दलित आयोग, आदिवासी/ जनजाति आयोग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय, तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग, मधेशी आयोग, मुस्लिम आयोग । यी आयोगहरूमा प्रमुख आयुक्त, अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्दा समानुपातिक समावेशिताको आधारमा गरिने व्यवस्था गरेको पाइन्छ ।

#### संवैधानिक निकायको रूपमा दलित आयोग

दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्न र दलित समुदायको समग्र विकास गरी न्याय कायम गर्नको लागि दलित आयोगको संवैधानिक व्यवस्था गर्न वाञ्छनीय भएको भन्ने उद्देश्यलाई उल्लेख गरेर दलित आयोगको व्यवस्था प्रस्ताव गरिएको छ ।

#### आयोगको गठन वा स्वरूप

नेपालमा एक सङ्घीय दलित आयोग हुनेछ जसमा समानुपातिक र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरू रहने व्यवस्था गरिएको ।

#### पदाधिकारीहरूको नियुक्ति

पदाधिकारीहरूलाई स्वतन्त्र र निष्पक्ष रूपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिने अथवा राज्यको शासकीय स्वरूप राष्ट्रपतीय पद्धतिको हुने हो भने

राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिने छ ।

**पदावधि**

पदाधिकारीको लागि छ वर्षको पदावधिको व्यवस्था रहेको छ । उनीहरूले स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सम्पादन गर्न पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुञ्जेलसम्म निजहरूलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिएको छ । सरकारले मनोमानी तरिकाले मर्का पर्ने गरी घटाउन नसकोस् भन्ने उद्देश्यले सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरूको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइएको छ ।

**पद रिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था**

संवैधानिक पदाधिकारीहरूलाई सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखी पदको संरक्षण प्रदान गरिएको छ ।

**आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

- नेपालमा भएका दलितहरूको अध्ययन तथा अन्वेषण गरि त्यस सम्बन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।
- जातीय उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका निम्ति दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागी नेपाल सरकार समक्ष पेश गर्ने ।
- दलित उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित समुदायको हितसँग सम्बन्धित प्रचलित कानुनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।
- दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।
- कानुनद्वारा तोकिएको अन्य कार्य गर्ने ।

**अधिकार प्रत्यायोजन**

आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा सङ्घीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्ने ।

**प्रादेशिक व्यवस्था**

आयोगको प्रदेश सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुने

**वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

सरकारलाई जनताप्रति जवाफदेही एवं उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले

आफूले गरेका वर्षभरिका क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत जनतालाई सुसूचित गराउन राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरू समेत उल्लेख गर्नुपर्ने भएबाट वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था गरिएको

## २.२ व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण समिति

यो समितिले देशको भावी व्यवस्थापिकाको स्वरूप कस्तो हुने, व्यवस्थापिका कति सदनात्मक रहने, व्यवस्थापिका सदनको गठन र तिनमा प्रतिनिधित्व कसरी हुने भन्ने वारेमा प्रस्ताव गरेको छ । यस समितिले व्यवस्थापिकामा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदन रहने तथा प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला,मधेसी, थारू, उत्पीडित जाति, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएका वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय र अन्य समुदाय समेतबाट प्रादेशिक बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्थाको प्रस्ताव गरिएको ।

राष्ट्रिय सभामा रहने ५१ जना सदस्यमध्ये १३ जना सदस्यहरूको छनौट प्रतिनिधि सभामा प्रतिनिधित्व हुन नसकेका अल्पसंख्यक, महिला, जाति, भाषिक, धार्मिक, पिछडिएको वर्ग वा समुदायका साथै राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तित्व र विशेषज्ञहरूबाट गरिने व्यवस्था रहेको ।

त्यसैगरी प्रदेशसभामा पनि समानुपातिक निर्वाचनको निमित्त राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला,मधेसी, थारू, दलित, आदिवासी जनजाति, मुस्लिम, पिछडिएका वर्ग, क्षेत्र, अल्पसंख्यक समुदाय, अन्य समुदाय समेतबाट प्रतिनिधित्व गराउने व्यवस्थालाई आत्मसात गरिने उल्लेख भएको ।

## २.३ मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

यस समितिले प्रस्तावित गरेका सबै मौलिक हकमा नै दलित समुदायको पनि सरोकार रहने । यी मध्येपनि दलित समुदायको लागि न्याय, समानता, आत्मसम्मान र मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता जस्ता आधारभूत अधिकारको प्रत्याभूति गर्ने हक समेत रहेको छ ।

**समान सरोकारका हक अधिकारहरूः–**

- सम्मानपूर्वक बाँच्न पाउने हक
- समानताको हक
- छुवाछूत तथा भेदभाव विरूद्धको हक
- शोषण विरूद्धको हक
- शिक्षा सम्बन्धी हक
- रोजगारी सम्बन्धी हक
- श्रम सम्बन्धी हक
- स्वास्थ्य सम्बन्धी हक
- खाद्य सम्बन्धी हक
- आवास सम्बन्धी हक
- महिला सम्बन्धी हक
- बालबालिका सम्बन्धी हक
- दलित समुदाय सम्बन्धी हक
- सामाजिक न्यायको हक
- सामाजिक सुरक्षा सम्बन्धी हक

दलित समुदायको न्याय, समानता, आत्मसम्मान र मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता जस्ता आधारभूत अधिकारको प्रत्याभूति गर्ने विशेष किसिमका व्यवस्थाहरू छन्:–

**भेदभाव वा छुवाछुत हुने गरी स्वतन्त्रताको उपयोगमा बन्देज लगाइने:**

विभिन्न जात, जाति, धर्म र सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने अथवा जातीय भेदभाव वा छुवाछुतलाई दुरूत्साहन गर्ने गरी कुनै पनि व्यक्तिले स्वतन्त्रताको हकको उपयोग गर्न नपाइने त्यसमा राज्यले कानून मार्फत वस्तुगत आधारमा मनासिब प्रतिबन्ध लगाउन सकिने ।

**समानताको हक**

राज्यले कानूनमा व्यक्तिका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाति जस्ता कुनै पनि आधारमा भेदभाव नगर्ने प्रत्याभूति गरिएको ।

आर्थिक,सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख समुदाय लगायतका व्यक्तिहरूको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था राखिएको ।

**छुवाछूत तथा भेदभाव विरूद्धको हक**

- कुनै पनि व्यक्तिलाई जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा कुनै पनि स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव नगरिने,
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान नगरिने,
- कुनै जात, जाति, उत्पत्ति वा शारीरिक अवस्थाका व्यक्ति वा समुदायलाई उँच वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने,
- जातीय आधारमा छुवाछुत गरी वा नगरी तथा कुनै व्यक्तिलाई निजको इच्छा विपरित काममा लगाउन वा कार्यस्थलमा कुनै प्रकारको विभेद गर्न नपाइने,
- छुवाछुत तथा भेदभावजन्य सबै प्रकारको कार्य गम्भीर सामाजिक अपराधको रूपमा कानूनद्वारा दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई उचित क्षतिपूर्तिको हक हुने छ ।

**दलित समुदाय सम्बन्धी हक**

- दलित समुदायमाथि जातपात र छुवाछूतका आधारमा कुनैपनि स्थानमा कुनैपनि किसिमको विभेद, अवहेलना, असहिष्णु व्यवहार वा भेदभाव गरिने छैन । यस्तो व्यवहार सामाजिक अपराध मानिनेछ र कानूनद्वारा दण्डनीय हुनेछ । पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति प्राप्त गर्ने हक हुने छ
- दलित समुदायलाई राज्य संयन्त्रका सबै अङ्ग, निकाय र क्षेत्रहरूमा समावेशी समानुपातिक आधारमा क्षतिपूर्ति सहित सहभागिताको हक हुनेछ । क्षतिपूर्ति सम्बन्धी व्यवस्था कानूनले निर्धारण गरे बमोजिम हुने छ ।
- दलित समुदायलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र त्यस्तो व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता प्रदान गरिने ।
- दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासको लागि विशेष अवसर प्राप्त गर्ने र सोबाट कानून बमोजिम व्यावसायिक लाभ प्राप्त गर्ने हक हुने छ ।

**सामाजिक न्यायको हक**

- सामाजिक रूपले पछाडि परेका महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडा वर्ग, किसान र मजदूर वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने र त्यस्तो व्यवस्था गर्दा आर्थिक रूपले विपन्न नागरिकलाई प्राथमिकता दिइने छ ।
- विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुने ।

## २.४ अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, अधिकार संरक्षण समिति

यस समितिले पनि भेदभावरहित अवस्थाको सुनिश्चितताको लागि जात, जाति, उत्पत्ति, समुदाय, पेशा वा अन्य कुनै पनि आधारमा हुने छुवाछूत र जातीय आधारमा हुने भेदभाव उन्मूलनको सुनिश्चितता गर्नुपर्ने कुरामा विशेष जोड दिएर विस्तृत रूपमा अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार पारेको छ । छुवाछूत र जातीय आधारमा हुने भेदभाव मानव अधिकार एवं मानवीय मूल्य र मान्यता विपरितको अपराधजन्य कार्यको रूपमा लिइएको छ । जातीय भेदभाव तथा छुवाछुत विरूद्धको हक, अल्पसंख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएकाको अधिकारलाई सुनिश्चित गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

**जातीय र सामाजिक समावेशीकरणका उपायहरूः**

जातीय वा सामाजिक समावेशीकरणका उपायहरूको पहिचानका सन्दर्भमा जातीय वहिष्करणलाई मध्यनजर गर्नु पर्ने देखिन्छ । जातीय असमानता, जातीय भेदभाव, छुवाछुतजन्य व्यवहार, जातीय सीमान्तता र लोपोन्मुखता आदि जातीय वहिष्करणका उपजहरू हुन् । अतः यी उपजहरूलाई हटाई जातीय समावेशीकरणका लागि निम्न लिखित उपायहरू अवलम्बन गर्नु पर्ने हुन्छ :

- सबै जात, जातिलाई समान व्यवहारको सुनिश्चितता,
- छुवाछुत र जातीय आधारमा हुने भेदभाव उन्मूलनको सुनिश्चितता,
- मानवीय मर्यादा बहालीको सुनिश्चितता, र
- जातीय रूपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको वा अल्पसंख्यक वा सीमान्तकृत वा लोपोन्मुख जात, जातिको विशेष व्यवस्थाको सुनिश्चितता ।

**जातीय भेदभाव तथा छुवाछुत विरूद्धको हकः**

- कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय वा पेशाका आधारमा कुनै पनि किसिमको भेदभाव तथा छुवाछुतजन्य व्यवहार, असहिष्णुता र अवहेलना गरिने छैन ।
- कुनै पनि व्यक्तिलाई जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, *लिङ्ग,* क्षेत्र, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट यत्रतत्र सर्वत्र स्थलमा प्रवेश गर्नबाट वञ्चित गरिने छैन ।
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जाति, आदिवासी, जनजाति, दलित, तराईवासी, मधेशी, मुस्लिम, धर्म, वर्ण, लिङ्ग, क्षेत्र, वंश, समुदाय, पेशा वा अवस्थाका व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक नलगाइने र त्यस्तो वस्तु वा सुविधा कुनै खास जाति वा व्यक्तिलाई मात्र विक्रीवितरण नगरिने ।

- नागरिकहरूका बीच जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, शारीरिक, स्वास्थ्य, लिङ्ग, यौनिक तथा लैङ्गिक पहिचान, उत्पत्ति वा क्षेत्रीय वा अन्य कुनै आधारमा हुने भेदभाव वा सर्वोच्चता वा जातीय असहिष्णुता, अमर्यादा वा घृणालाई राज्यले निरूत्साहित गर्नेछ ।
- माथि उल्लिखित कुराहरूको विपरितका कार्य मानवता विरूद्धको जघन्य सामाजिक अपराधको रूपमा दण्डनीय हुनेछ र पीडित पक्षले कानून बमोजिम उचित क्षतिपूर्ति पाउनेछ ।

**अल्पसंख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएकाको अधिकार**

- अल्पसंख्यक, सीमान्तकृत तथा वहिष्करणमा पारिएका समुदायका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक वा प्रादेशिक रूपमा पछाडि पारिएको वा एक्लिएको वा वहिष्करणमा पारिएको समुदाय वा वर्गको पहिचान गरी उनीहरूको संरक्षण, विकास र सशक्तिकरणका लागि राज्यको हरेक तहमा पूर्ण समानुपातिक प्रतिनिधित्वको विशेष व्यवस्था गर्नेछ ।
- जातीय विभेद र छुवाछुतको दुर्व्यवहार एवं धार्मिक, सांस्कृतिक उत्पीडन भोग्ने समुदायलाई राज्यले सो विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्ति बापत समानुपातिकता माथि थप अधिकार सुनिश्चितताको विशेष व्यवस्था गर्नेछ ।

## २.५ सामाजिक र सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समिति

यस समितिले पनि दलित समुदायको सवाललाई महत्व दिएर छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक तथा सामाजिक न्यायको हकलाई सुनिश्चित गर्नुपर्ने कुरामा जोड दिएको छ ।

**छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक**

- कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेद्भाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहारलाई गम्भिर अपराध मानी दण्ड गरिने छ । पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउनेछ ।
- कुनै पनि व्यक्तिलाई जात, जातिको आधारमा कुनै पनि सेवा, सुविधा वा उपभोगका कुराहरूको प्रयोगमा कुनै पनि स्थानमा भेदभाव गरिने छैन ।
- कुनै वस्तु, सेवा वा सुविधाको उत्पादन, विक्रि वितरण, खरिद वा प्राप्त गर्न जात, जाति वा समुदायको आधारमा भेदभाव गरिने छैन ।
- कुनै जात, जाति, उत्पत्ति वा पेशाका व्यक्ति वा व्यक्तिहरूको समूहको धार्मिक वा अन्य कुनै आधारमा उँच निच दर्शाउन, जात जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउन वा जातीय सर्वोच्चता वा घृणामा आधारित अभिव्यक्ति दिन, विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन ।
- माथि उल्लेखित कुराहरूका विपरितको कार्य कानून बमोजिम दण्डनीय हुनेछन् ।

**सामाजिक न्यायको हक**

- प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्व विकास गर्ने, स्वच्छ व्यवहार पाउने र राज्यको श्रोत, साधन र अवसरमा समान पहुँचको हक हुनेछ ।

- राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछि पारिएका उत्पीडित क्षेत्र, वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ ।

## २.६ राज्यको शासकीय स्वरूप निर्धारण समिति

यस समितिले केन्द्रमा भावि शासकीय स्वरूप कस्तो हुने भन्ने सम्बन्धमा स्पष्ट धारणा पेश गर्न सकेको थिएन । तर प्रदेश र स्थानीय तहको कार्यकारिणीको स्वरूपका बारेमा सहमतिका साथ प्रस्ताव गरेको थियो । त्यस विषयमा दलित समुदायको सरोकारको विषयको कुरा गर्दा कार्यकारिणी निकायमा दलितको प्रतिनिधित्व सुनिश्चित गरिएको थियो थिएन भन्ने विषयले महत्व राख्दछ । यस समितिले प्रदेशको मुख्यमन्त्रीले मन्त्रीहरू नियुक्ति गर्दा प्रादेशिक व्यवस्थापिकाको सदस्यहरू मध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्त बमोजिम नियुक्त गर्नुपर्ने व्यवस्थालाई प्रस्ताव गरेको थियो । त्यसैगरी स्थानीय निकाय (नगरपालिका र गा.वि.स.) को कार्यकारिणी निकायमा सदस्यहरूको मनोनयन गर्दा अध्यक्षले समानुपातिक र समावेशी सिद्धान्त बमोजिम मनोनयन गर्नु पर्ने व्यवस्था रहेको छ ।

## २.७ न्याय प्रणाली समिति

### जिल्ला/स्थानीय अदालतमा दलित इजलास सम्बन्धी व्यवस्था

यस समितिको प्रतिवेदनमा जिल्ला/स्थानीय अदालतमा महिलाको घरेलु हिंसासँग सम्बन्धित विवाद, बाल अधिकारसँग सम्बन्धित विवाद, दलितको छुवाछुत सम्बन्धी विवाद र आदिवासी, जनजाति, मधेशी, मुस्लिम लगायतका अल्पसंख्यक समुदायको सांस्कृतिक, धार्मिक एवं परम्परागत कानून र प्रथाद्वारा उत्पन्न हुने विवादहरूलाई समाधान गर्न प्रादेशिक कानून बमोजिम छुट्टै इजलास वा त्यसको मातहतमा छुट्टै अदालत गठन गर्न सकिने व्यवस्था गरिएको छ ।

## २.८ राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

### विशेष अधिकार सम्बन्धी व्यवस्था

राज्यले युगौंदेखि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि क्षेत्रमा पछाडि पार्दै आएका व्यक्ति तथा समुदायहरूका निम्ति विशेष अधिकारको व्यवस्था भएमा मात्र त्यस्ता समुदायहरू अन्य समुदाय सरहको स्थितिमा पुग्न सक्छन् । त्यस्तो व्यवस्था समग्र क्षेत्रमा उत्पीडित समुदाय अन्य समुदाय सरहमा नपुगुन्जेल सम्मका लागि गरिनु पर्दछ । त्यस्तो वर्ग वा समुदायमा मूलतःमहिला तथा दलित समुदायका व्यक्तिहरू पर्दछन् ।

**दलित समुदायका निम्ति देहाय अनुसार विशेषाधिकारको व्यवस्था गरिनु आवश्यक छ :–**

**आर्थिक, सांस्कृतिक, सामाजिक एवं शैक्षिक क्षेत्रमा**

- जात, समुदाय, वंश वा पेशाका आधारमा कुनै पनि व्यक्तिलाई कुनै पनि स्थानमा कुनै किसिमको छुवाछुत र भेदभाव गरिने छैन । यस्तो व्यवहार मानवता विरूद्धको गम्भीर दण्डनीय सामाजिक अपराध मानिने छ । पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने छ ।
- सरकारी, अर्ध-सरकारी उद्योग र औद्योगिक प्रतिष्ठानहरूमा समानुपातिक ढङ्गले रोजगारीको प्रत्याभूति गरिने छ ।
- दलितका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा दलितलाई प्राथमिकता दिइ तदनुसार सीप र स्रोत उपलब्ध गराउने छ ।
- राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराई बसोबासको समेत व्यवस्था गर्नेछ ।

- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षा सम्म छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिने छ। प्राविधिक उच्च शिक्षामा दलितको लागि कानूनद्वारा विशेष व्यवस्था गरिने छ।
- नेपालमा सङ्घीय दलित अधिकार आयोग रहनेछ। त्यस्तो आयोग प्रदेशमा पनि गठन गरिनेछ।
- दलितहरूको सामाजिक प्रगतिको लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था गरिने छ। साथै आर्थिक उपार्जन गर्ने सीप र स्रोत उपलब्ध गराउने व्यवस्था गरिने छ।

**राजनीतिक क्षेत्रमा**

सङ्घीय, प्रादेशिक र स्थानीय तहका राजनीतिक संरचनाहरूमा दलितको प्रतिनिधित्वलाई सुनिश्चित गर्न जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नु पर्दछ। दलित समुदायको राज्यसत्तामा पहुँचहीनताको ऐतिहासिक श्रृङ्खलालाई तोडेर अन्य समुदाय सरह पुऱ्याउन केही वर्षका निम्ति समानुपातिक प्रतिनिधित्वमा थप क्षतिपूर्ति समेत उपलब्ध गराउनु पर्ने अवस्था रहेकोले सङ्घीय र प्रादेशिक संरचनामा क्रमशः ३% र ५% थप प्रतिनिधित्वको व्यवस्था गरिनु पर्दछ।

**निजामती सेवा, प्रहरी र सेना लगायतका अन्य रोजगारीका क्षेत्रमा**

निजामती सेवा, प्रहरी र सेना लगायतका अन्य रोजगारीका क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गर्न सकारात्मक विभेदको सिद्धान्तको मान्यतामा आधारित रही कानूनद्वारा विशेष व्यवस्था सुनिश्चित गरिनु उपयुक्त हुन्छ। दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा पहाडी दलित, मधेशी दलित र दलित महिलाको समानुपातिक प्रतिनिधित्व गराइनेछ।

## २.९ संवैधानिक समिति

यस समितिले प्रस्तावनामा नेपाललाई वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक र वर्णव्यवस्थाजन्य विभेदमुक्त राज्य घोषणा गर्दै सबै प्रकारका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विभेदको अन्त्य गरी आर्थिक समानता, सम्पन्नता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक मान्यताको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको

यस समितिको प्रस्तावित मस्यौदाको धारा १५ मा समानुपातिक समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र विशेष प्रतिनिधि नियुक्त गरिने व्यवस्था गरेको।

## २.१० प्राकृतिक स्रोत आर्थिक अधिकार र राजश्व बाँडफाँड समिति

यस समितिको प्रतिवेदनले प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन एवं दिगो उपयोग गर्दा स्थानीय समुदायको आवश्यकतालाई प्राथमिकता दिदै त्यसबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने एवं आदिवासी, जनजाति, दलित एवं स्थानीय समुदायको आनुवंशिक स्रोत एवं सांस्कृतिक सम्पदा सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको संरक्षण, सम्बर्द्धन एवं सुरक्षण गर्ने र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने कुरालाई राज्यको दायित्वमा राखेको छ।

त्यसका साथै प्राकृतिक एवं आर्थिक स्रोतसाधनलाई सीमित व्यक्तिमा केन्द्रित हुन नदिई कुनै पनि जाति, लिङ्ग, वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नदिने राज्यको उद्देश्य हुने कुरा समेत उल्लेख गरिएको छ।

३. **प्रतिवेदन अध्ययन समितिको सिफारिस र संविधान सभाको निर्णय**

विषयगत समितिका अवधारणा पत्र र प्रारम्भिक मस्यौदा अध्ययन गरी दोहोरिएका विषयहरू पहिचान गर्ने, संविधान सभामा भएको छलफलका आधारमा समितिको प्रतिवेदनका विषयमा परिमार्जन गर्नु पर्ने भए सोको सुझाव दिने, संविधानको मस्यौदा एकिकरण गर्दा संवैधानिक समितिले ध्यान दिनु पर्ने कुनै विषय भए सोको कारण सहितको प्रतिवेदन तयार गरी पेश गर्ने लगायतका जिम्मेवारी दिएर संविधान सभाले यस समितिको गठन गरेको थियो । यस समितिले दलित समुदायको हक सम्बन्धमा विभिन्न विषयगत समितिबाट प्रस्तावित व्यवस्थाहरूलाई अध्ययन गरी दलित समुदायको हकमा देहायका व्यवस्थाहरू राख्नकालागि संविधान सभामा सुझाव दिएको थियो र सभाले पनि सोही वमोजिम अनुमोदन गरेर मस्यौदा एकिकरण गर्दा समावेश गर्नको लागि सवैधानिक समितिलाई निर्देशन दिएको थियो :–

(१) दलित समुदायका व्यक्तिलाई निजामति सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रहरूमा समानुपातिक आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताको लागि कानूनद्वारा विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षा सम्म छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितको लागि कानूनद्वारा विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनद्वारा विशेष व्यवस्था गरिने छ । यस्तो व्यवस्था गर्दा विपन्न दलितलाई प्राथमिकता दिइनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई सोका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

(६) आवासविहीन दलितको लागि राज्यले बसोबासको व्यवस्था गर्नेछ ।

(७) सङ्घीय प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी सङ्घीय र प्रादेशिक संरचनामा क्रमशः तीन र पाँच प्रतिशत थप प्रतिनिधित्वको लागि कानूनद्वारा आवश्यक व्यवस्था गरिनेछ ।

(८) दलित समुदायले यस धारा बमोजिम प्राप्त गर्ने अधिकारहरू पहाडी दलित, मधेशी दलित र दलित महिलाले समानुपातिक आधारमा प्राप्त गर्नेछन् ।

त्यसैगरी सामाजिक न्यायको हकको उपभोग गर्दा आर्थिक रूपले विपन्न नागरिकले प्राथमिकता पाउने हक हुने कुरा समेत उल्लिखित छ ।

राज्यका निर्देशक सिद्धान्तमा राज्यले दलित समुदायलाई सबै औद्योगिक प्रतिष्ठानहरूमा समानुपातिक ढङ्गले रोजगारी उपलब्ध गराउने नीति अवलम्बन गर्नेछ भनिएको छ ।

**विस्तृत जानकारीको लागि**


# संविधान सूचना केन्द्र

**नेपाल कानून समाज**

**Nepal Law Soceity**

बबरमहल, काठमाण्डौ, नेपाल

फोनः ४२६६७३५ / ४२२८४९७, फ्याक्सः ४२२८४९७, पो.ब.नं.: १३२११

इमेल : nls@wlink.com.np, वेब-साइट : www.nls.org.np,


**मितिः २०७० माघ १ गते**